# थारु जातिको शैक्षिक अवस्था

बर्दिया जिल्ला,शिवपुर गाविसको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय
अन्तर्गत
समाजशास्त्र विषयको, स्नातकोत्तर तह, दोस्रो बर्षको
**शोध-पत्र (S.A.508)** को आवश्यकता
पूरा गर्नका लागि तयार पारिएको
**शोध-पत्र**


*शोधकर्ता*
बसन्तराज भण्डारी
एम.ए. दोस्रो वर्ष
परीक्षा रोल नं : ४८८८-२०६२
त्रि. .वि. दर्ता नं : २२६२५-८८
**वीरेन्द्रनगर बहुमुखी क्याम्पस**
वीरेन्द्रनगर, सुर्खेत


**२०६४**

**त्रिभुवन विश्वविद्यालय**
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
वीरेन्द्रनगर बहुमुखी क्याम्पस
समाजशास्त्र/ मानवशास्त्र विभाग
सुर्खेत

## सिफारिस -पत्र

यस क्याम्पसका एम. ए. समाजशास्त्र / मानवशास्त्र विषय दोस्रो बर्षका छात्र श्री बसन्तराज भण्डारीले मेरो निर्देशनमा रही **"थारु जातिको शैक्षिक अवस्था"** बर्दिया जिल्ला शिवपुर गाविसको अध्ययन शीर्षकमा यो शोधकार्य पूरा गर्नु भएको हो । उहाँको यस शोध-पत्र प्रति म सन्तुष्ट छु । यस शोधपत्रको स्वीकृतिका लागि वीरेन्द्रनगर बहुमुखी क्याम्पस, समाजशास्त्र / मानवशास्त्र विभागको शोध मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

.........................
भीउसिंह बुढा
शोध-निर्देशक
मानवशास्त्र/समाजशास्त्र विभाग
वीरेन्द्रनगर बहुमुखी क्याम्पस
सुर्खेत

मिति : २०६४।११।.....

**त्रिभुवन विश्वविद्यालय**
मानविकी तथा सामाजिकशास्त्र सङ्काय
वीरेन्द्रनगर बहुमुखी क्याम्पस
समाजशास्त्र / मानवशास्त्र विभाग
सुर्खेत

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा सामाजिकशास्त्र सङ्काय,मानवशास्त्र/समाजशास्त्र विभाग अन्तर्गत वीरेन्द्रनगर बहुमुखी क्याम्पस,स्नातकोत्तर तह दोस्रो वर्षका छात्र श्री बसन्तराज भण्डारीले स्नातकोत्तर तह दोस्रो बर्षको शोध-पत्र (S.A.508) को आवश्यकता पूरा गर्नका लागि तयार पार्नु भएको **"थारु जातिको शैक्षिक अवस्था "**बर्दिया जिल्ला शिवपुर गाविसको अध्ययन शीर्षकको शोधपत्रको शोधकार्य पूरा गरी स्वीकृतिका लागि शोध-निर्देशकको सिफारिस सहित यस विभागमा प्रस्तुत गर्नु भएकोमा यो शोत्र-पत्र समाजशास्त्र/ मानवशास्त्र विभागीय शोध मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

### विभागीय शोध मूल्याङ्कन समिति

१. भीउसिंह बुढा
शोध निर्देशक ......................

२. बच्चुकैलाश पाण्डे
बाह्य निर्देशक ............................

३. कृष्णबहादुर रेग्मी
विभागीय प्रमुख ............................

४. केशरसिंह राना
क्याम्पस प्रमुख ............................

मिति : २०६४।११।८

# दुई शब्द

त्रिभुवन विश्वविद्यालय,मानविकी र सामाजिकशास्त्र सङ्काय, समाजशास्त्र /मानवशास्त्र विषय स्नातकोत्तर तह दोस्रो बर्षको **शोध-पत्र (S.A.508)** को पाठ्यक्रमको आवश्यकता पूरा गर्नका लागि **"थारु जातिको शैक्षिक अवस्था "** बर्दिया जिल्ला शिवपुर गाविसको अध्ययन विषयक शोधपत्र तयार गरिएको छ।

समुदाय पूर्ण-प्रणाली ( whole System) हो र समुदाय भित्र धेरै सहायक- प्रणालीहरू **( Sub-Systems)** क्रियाशील हुन्छन् । यिनै सहायक प्रणालीहरू मध्ये **शिक्षा** एउटा हो । समाजका संरचना , बर्ग , संस्कृति , राजनीति , अर्थनीति , धर्म र जात जस्ता पक्षहरुले शिक्षालाई प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन् । सोही अनुरूप यस शोधपत्रमा थारु समुदायको शैक्षिक अवस्थालाई समाजका विभिन्न आयाम (पक्ष) हरूवाट विश्लेषण गर्ने प्रयास गरिएको छ। निश्चित उद्देश्य प्राप्तिको लागि छोटो समयमा गरिएको यस अध्ययनमा भएका कमी - कमजोरीहरुलाई आगामी अनुसन्धानूलक कार्य र लेखनमा सुधार गर्ने विश्वास दिलाउन चाहन्छु । यस अध्ययनले सामाजिक अध्ययनकर्ता समाजसेवी , नीति-निर्माताहरूलाई सहयोग पुऱ्याउने कुरामा आशावादी छु ।

शोध-पत्र तयार गर्ने क्रममा शोधपत्रको शीर्षक छनौट , प्रस्तावना लेखनदेखि शोधकार्य पूरा गर्दासम्म पूर्ण सहयोग गर्नुहुने वीरेन्द्रनगर बहुमुखी क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागका सहायक प्राध्यापक तथा शोध-निर्देशक आदरणीय गुरु श्री भीउसिंह बुढाज्यु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । शोध-पत्र लेखनमा सहज वातावरण मिलाईदिनु हुने समाजशास्त्र/ मानवशास्त्रका विभागीय प्रमुख श्री कृष्णबहादुर रेग्मीज्यू ,सल्लाह र सुझाव दिनु हुने क्याम्पस प्रमुख श्री केशरसिंह रानाज्यू तथा विषयगत प्राध्यापकज्यूहरू श्री आनन्दप्रसाद सुवेदी ,श्री शेरबहादुर रायमाझी, श्री बच्चुकैलास पाण्डे र श्री मनहरि ढकालज्यूहरु प्रति आभारी छु । शुद्धाशुद्धि हेरीदिनु हुने श्री थानेश्वर लामिछाने र श्री हर्कबहादुर शाहीज्यूहरु प्रति आाभारी छु ।

तथ्याङ्क सङ्कलनमा सहयोग गर्नुहुने बर्दिया जिल्ला शिवपुर गाविसका थारु समुदाय , थारु अभिभावक,विद्यालयका शिक्षक-शिक्षिकाहरू, कर्मचारीहरू,सरकारी तथा गैर-सरकारी कार्यालयका कर्मचारीहरू र सम्पूर्ण समाजसेवीहरुमा धन्यवाद प्रकट गर्दछु । शिक्षाको श्री गणेश गराउने श्री उमामहेश्वरी माध्यमिक विद्यालय, सारी प्यूठान,पढाइमा आधार दिनुहुने पूजनीय बुबा-आमा ,पढाइमा प्रेरणा दिने प्यारी जीवन संगिनी र छोरा-छोरीबाट सधै आशीर्वाद र सहयोग मिलिरहोस् भनी प्रार्थना गर्दछु । शोधपत्रलाई मूर्तरूप दिन टाइप र सेटिङ्ग गर्नु हुने **रेग्मी सञ्चार तथा कम्प्युटर** सेवाका श्री तुल्सीप्रसाद रेग्मीज्यू प्रति धन्यवाद प्रकट गर्दछु ।

धन्यवाद ।

मिति : २०६४।११।४

**शोधकर्ता**
**बसन्तराज भण्डारी**

## शोधसार

त्रिभुवन विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय,समाजशास्त्र/मानवशास्त्र विषयको स्नातकात्तर तह , दोस्रो बर्षको **शोध-पत्र (S.A 508)** को पाठ्यक्रमको आवश्यकता पूरा गर्नका लागि यो शोधपत्र **"थारु जातिको शैक्षिक अवस्था"** बर्दिया जिल्ला शिवपुर गाविसको अध्ययन, वीरेन्द्रनगर बहुमुखी क्याम्पस, सुर्खेतमा प्रस्तुत गरिएको छ ।

थारु समुदाय तराईका आदिवासी , सुरुमा धर्ती खन्ने **"धर्तीपुत्र"** भएर पनि मूलधारमा समायोजन हुन नसकिरहेको यथार्थलाई वास्तविक र सूक्ष्मरूपमा खोतल्ने र विश्लेषण गर्ने हेतुले शोधपत्रको शीर्षक **"थारु जातिको शैक्षिक अवस्था"** छनौट गरिएको छ । यस अध्ययनको उद्देश्यहरुमा : थारु जातिको शैक्षिक अवस्थाको पहिचान र विश्लेषण गर्नु, थारु जातिको सामाजिक अवस्था र शिक्षाको सम्बन्ध उल्लेख गर्नु, थारु जातिको शैक्षिक समस्याहरु पत्ता लगाउनु र थारु जातिको शैक्षिक समस्या समाधानका उपायहरू खोजी गर्नु राखिएको छ ।

अध्ययन क्षेत्रमा थारु जातिको बाहुल्याता रहेको पशिचमी तराईको बर्दिया जिल्लाको मध्य खण्डमा पर्ने शिवपुर गाविसलाई लिइएको छ । अध्ययनलाई ब्यवस्थित र सरल बनाउन शोधपत्रलाई ६ खण्डमा संरचित गरिएको छ : भाग १ परिचय , भाग २ सान्दर्भिक साहित्यको समीक्षा, भाग ३ शोध विधि, भाग ४ अध्ययन क्षेत्रको परिचय , भाग ५ तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण र भाग ६ मा प्राप्ति , निष्कर्ष र सुझावहरु राखिएको छ ।

शोधपत्रका उद्देश्यहरु पूरा गर्नका लागि उद्देश्यसंग सम्बन्धित तथ्यांङ्हरु सङ्कलन गरी सान्दर्भिक साहित्य ,अनुसन्धान र लेखहरुसंग तुलनात्मक विश्लेषण गरी तथ्याङ्कशास्त्रका विधिहरुको प्रयोगद्धारा श्रृंखलाबद्धरूपमा अर्थ्याइएको छ । थारु समुदायको विद्यामान शैक्षिक अवस्थालाई हेर्दा-शिक्षाप्रति सकारात्मक धारणा र चेतनाको विकास हुन नसकेको, पढाइलाई भन्दा कामलाई प्राथमिकता दिएको, घरमा शैक्षिक वातावरण नभएको,बालबालिकाहरूमाथि अभिभावकले निगरानी नराखेको , खानपिन र मोजमस्तिमा रमाइरहेको जस्ता पक्षहरु पाइयो । थारु समुदायका शैक्षिक समस्याहरुमा-गरिबीका कारण अरूको काम गर्नु पर्ने बाध्यता ,परम्परादेखि नै सोझा,शोषणमा परेका र सुबिधाविहीन बर्गका रूपमा जीवन गुजारीरहेका ,खानपिन र मोजमस्तिमा रमाई आफ्नो पहिचान नखोजिरहेका, गैर-थारु शिक्षकका कारण भाषिक समस्या परेको ,शिक्षिका नहुँदा छात्रा भर्नामा कमी भएको, राज्यसरकारले वास्तविक रुपमा उकास्ने दृढता नदेखाई अलमल्याउने नीति अनुरूप केही अवसरहरु दिए जस्तो गरेको , सरकारी तथा गैर-सरकारी संस्थाहरु बीच समन्वयको अभाव र सुगममा मात्र कार्यक्रम सञ्चालन गरी दुर्गममा नगरेको ,द्वन्द्धका कारण लक्षित कार्यक्रमहरुले सफलता नपाएको जस्ता कारणहरु पाइयो । थारु समुदायका शैक्षिक समस्या समाधानका उपायहरुमा-थारु समुदायले आफ्नो पहिचान खोज्न स्वयम् आफै सक्रिय हुनुपर्ने ,राज्य सरकारले विभेदपूर्ण तथा असमान ऐन ,नियम र कानुनहरूमा सुधार गर्नु पर्ने, सुबिधाविहिन बर्गलाई उकास्न विशेष (Equitable) लक्षित कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ,थारु समुदायलाई सबै पक्षहरुमा अवसर दिनुपर्ने, आफ्नै भाषामा शिक्षा दिन थारु शिक्षकहरुको ब्यवस्था गर्नुपर्ने, छात्रा भर्ना बढाउन शिक्षिकाहरुको ब्यवस्था गर्नुपर्ने जस्ता पक्षहरु औंल्याइएको छ ।

निष्कर्षमा **" आफू नमरी स्वर्ग देखिंदैन"** भने झैं थारु समुदायको विकासमा स्वयम् थारुहरु नै सक्रिय हुनु आवश्यक छ ।अधिकार मागेर होइन खोसेर लिनु पर्दछ । यथास्थिति र भाग्यवादमा नअल्झिइ समयको माग र आवश्यकतानुसार अगाडि बढ्नु अत्यावश्यक छ । प्राकृतिक स्रोत र साधन सबैका साझा हुन् , सबैले समान उपभोग गर्न पाउनु मानव अधिकार हो ।

# विषय-सूची


| | पेज |
|---|---|
| शिफारिस-पत्र | I |
| स्वीकृति-पत्र | II |
| दुई-शब्द | III |
| शोधसार | IV |
| संक्षिप्त शब्दावलीको अर्थ | V |
| **भाग - १ : परिचय** | **१-८** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्या कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको महत्त्व | ७ |
| १.५ अध्ययनको संगठन | ८ |
| **भाग - २ :सान्दर्भिक साहित्यको समीक्षा** | **९- २०** |
| २.१ थारु जाति आगमनका ऐतिहासिक मान्यताहरू | ९ |
| २.२ थारु जाति र कमैया प्रथा | १० |
| २.३ थारु सम्बन्धी पूर्व अध्ययनहरूको समीक्षा | १२ |
| २.४ संविधान र घोषणापत्रमा कानुनी मान्यता | १७ |
| **भाग- ३ : अनुसन्धान विधि** | **२१-२६** |
| ३.१ अनुसन्धान ढाँचा | २१ |
| ३.२ अध्ययन क्षेत्र छनौटको औचित्यता | २२ |
| ३.३ समग्रता र नमुना छनौट | २२ |
| ३.४ तथ्याङ्कहरूको प्रकृति र श्रोत | २३ |
| ३.५ तथ्याङ्क सङ्कलन विधि | २३ |
| ३.६ अध्ययनको सीमा | २५ |
| ३.७ अध्ययनका सूचकहरू | २५ |

भाग - ४ : अध्ययन क्षेत्रको परिचय २७–३१

४.१ भौगोलिक परिचय २७

४.२ प्राकृतिक स्रोतहरू २८

४.३ भेषभूषा र रहनसहन २९

४.४ धर्म र संस्कृति ३०

४.५ पेसा ३०

भाग - ५ : तथ्याङ्कहरूको विश्लेषण र प्रस्तुतीकरण ३२-५०

५.१ थारु जातिको शैक्षिक अवस्था ३२

५.२ थारु जातिको सामाजिक अवस्था र शिक्षाको सम्बन्ध ४१

५.३ थारु जातिका शैक्षिक समस्याहरू ४३

५.४ थारु जातिका शैक्षिक समस्या समाधानका उपायहरू ४६

भाग - ६ : सारांस, निष्कर्ष र सुझावहरू ५१-५४

६.१ सारांस ५१

६.२ निष्कर्ष ५३

६.३ सुझावहरू ५४

)सन्दर्भ- सामग्री सूची

)अनुसूचीहरु

# तालिका, स्तम्भ चित्र र बृत्त चित्र सूची


| | |
|---|---|
| | पेज |
| तालिका नं १ नमुना छनौट तालिका | २३ |
| तालिका नं २ थारु समुदायको शैक्षिक सहभागिता | ३४ |
| तालिका नं ३ शिवपुर गाविसको जनसङ्ख्या | ३५ |
| तालिका नं ४ नेपालको शैक्षिक संरचना | ३७ |
| तालिका नं ५ शिवपुरका विद्यालयमा प्रा. वि. तहमा विद्यार्थी | ३८ |
| तालिका नं ६ विद्यालय नजाने थारु बालबालिका | ३९ |
| स्तम्भ चित्र नं १ शिवपुर गाविसको जनसङ्ख्या | ३६ |
| बृत्त चित्र नं १ शिवपुरका विद्यालयमा प्रा. वि. तहमा विद्यार्थी | ३८ |

## संक्षिप्त शब्दावलीहरुको अर्थ

**BASE = Backward Society Education**
**INSEC = Informal sector Service center**
**RRN = Rural Reconstruction of Nepal**
**EFA = Education For All**
**CERID = Research Center for Educational Innovation and Development**
**UNO = United Nations Organization**
**UNESCO = United Nations Educational, Scientific And Cultural organization**
**FPE = Free Primary Educations**
**NER = Net Enrollment Ratio**
**GER = Gross Enrollment Ratio**
**UN = United Nations**
**PTA = Parents Teacher Association**
**SLC = School Leaving Certificate**
**Pop. = Population**
**ILO = International Labor Organization**
गाविस. = गाउँ विकास समिति
वि.सं = विक्रम सम्बत
वि.ब्य.स = विद्यालय ब्यवस्थापन समिति
वि. नि. = विद्यालय निरीक्षक